क) मृत्यु भएमा बीमाङ्क रकमको ९० प्रतिशत

ख) पुर्ण स्थायी रुपमा अशक्त भएमा बीमाङ्क रकमको ५० प्रतिशत दाबी सम्बन्धी प्रकृया बीमालेखले व्यवस्था गरेको

## हक दावी सम्वन्धी व्यस्था र प्रक्रिया

जोखिमहरुका कारणबाट बीमित पंक्षीको हानी नोक्सानी भएमा सात (७) दिनभित्र र धान, तरकारी, फलफुल, आलु र पशुधनको हकमा १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारण सहित संभव हुनासाथ बैङ्क/सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गनु पर्नेछ।

क) सक्कल बीमालेख

ख) पुर्णरुपले भरिएको दाबी फाराम,

ग) सम्बन्धित प्राविधिकको प्रतिवेदन (पशु र पंक्षीको हकमा मृत्यु प्रमाण-पत्र)

घ) न.पा./गा.वि.स./वडाको सर्जमिन मुचुल्का वा पशुधन र पंक्षीको हकमा कम्तिमा सबभन्दा नजिकको दुई(२) जना छिमेकीको सर्जमिन मुचुल्का

## विमाका लागि सरकारी अनुदान

पशु पंक्षी तथा वालीको विमा गर्दा लाग्ने प्रिमियम को ७५ प्रतिशत प्रिमियम नेपाल सरकारवाट वेहोरिने छ र बाँकी २५ प्रतिशत प्रिमियम विमित अर्थात बीमा गराउने व्यक्ती (किसान) ले वेहोर्नु पर्नेछ।

## जस्तै उदाहरणको लागि

| विवरण | किसिम | कुल बीमा रकम | लाग्ने प्रिमियम शुल्क ५% | नेपाल सरकारले बेहोर्ने रकम ७५% | किसानले बेहोर्नु पर्ने रकम २५% |
|---|---|---|---|---|---|
| भैंसी | दुधालु | रु.१,००,०००। | रु.५०००। | रु.३७५०। | रु.१२५०। |
| बाली | तरकारी तथा फलफुल | रु.१,००,०००। | रु.५०००। | रु.३७५०। | रु.१२५०। |

## बीमा गर्नका लागि आवश्यक कागजातहरु

१ बीमा गर्ने अभिकर्तालाई भेट्ने

२ बीमा प्रस्ताव फारम भर्ने

३ प्राविधिक मुल्यांकन फाराम भर्ने (प्राविधिकबाट)

४ जग्गाको लालपुर्जाको प्रतिलिपी

बाली तथा पशुपंक्षी बीमाको लागि राष्ट्रिय बीमा कम्पनी लि. ले नेपाल सरकारबाट कैलाली, डोटी र बझाङ्ग जिल्लाहरुको पशुपंक्षी तथा बाली बीमाको लागि जिम्मेवारी पाएकोले सोको लागि राष्ट्रिय बीमा कम्पनी लि. धनगढी शाखामा सम्पर्क गर्न सकिनेछ।

## विस्तृत जानकारीका लागि सम्पर्क


**राष्ट्रिय विमा कम्पनी लि.**
**शाखा कार्यालय, धनगढी**
**नेपाल खाद्यसंस्थान अगाडी**
**फोन नं. ०९१-५२१ ६२**
**फ्याक्स नं. ०९१-५२२०९९**

**जिल्ला कृषि विकास कार्यालय**
**धनगढी, कैलाली**
**फोन नं.०९१-५२११२४**

**जिल्ला पशु सेवा कार्यालय**
**धनगढी, कैलाली**
**फोन नं. ०९१-५२१११४**




<u>प्रकाशक</u>
**सिविओ विकास केन्द्र/वर्ल्ड भिजन**
**इन्टरनेशनल कैलाली ए.डि.पी.**
**धनगढी, कैलाली**

साभारः कृषि डायरी २०७१


सि.बि.ओ. विकास केन्द्र धनगढी, कैलाली | जिल्ला कृषि विकास कार्यालय धनगढी | जिल्ला पशु सेवा कार्यालय धनगढी | World Vision

# बाली तथा पशुपंक्षी बीमा सम्बन्धी जानकारी



**विपन्न वर्गको मानवअधिकार प्रति सचेत गराउने प्रतिवद्धता**

## बाली तथा पशुपंक्षी बीमा

बीमा ऐन, २०४९ को दफा ८(घ) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपंक्षी बीमा निर्देशन, २०६९ जारी गरेको छ । यो निर्देशन वि.सं.२०६९ साल माघ १ गतेदेखि लागु भएको छ। कृषक (बीमित)हरुले अभिकर्ताको सहयोगमा माथि उल्लेखित बाली, पशुपंक्षी तथा माछापालन बीमालेखमा तोकिएको सर्त बमोजिम निर्धारित प्रस्ताव फारम भरी आफ्नो व्यवसायको बीमा गराउन सक्नेछन्।

## बाली तथा पशुपंछी बीमाको बीमा शुल्क सम्बन्धी व्यवस्था

| क्र.सं. | बाली तथा पशुपंछी | बीमाको किसिम |
|---|---|---|
| १ | बाली बीमा | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली) |
| २ | पशु बीमा | बीमाङ्कको ५ प्रतिशत (प्रति वर्ष) |
| ३ | पंछी बीमा | व्यवसायिक बीमाङ्को ६ प्रतिशत पति समूह (व्याच)<br>घरपालुवा बीमाङ्को ६ प्रतिशत पति समूह (व्याच) |

सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमा शुल्कमा १५ प्रतिशत छुटको व्यवस्था छ।

## सुरक्षण हुने बालीको क्षेत्रफल र लागत

**बालीको लागत:-** बालीको बीमा गर्दा बाली लगाउँदा देखि बाली पाक्दासम्म लाग्ने लागत मुल्य कृषि विकास मन्त्रालय मार्फत उपलब्ध गराएको आधारभुत लागत विवरण बमोजिम हुनेछ।

**न्युनतम क्षेत्रफल:-** प्रत्येक कृषकले सुरक्षण गर्न पाउने बालीको न्युनतम क्षेत्रफल पहाडमा आठ आना (आधा रोपनी) र तराईमा एक कट्ठा हुनु पर्नेछ। सो भन्दा कम क्षेत्रफलमा लगाईएको बालीका लागि बीमालेख जारी गरिने छैन।

## सुरक्षण हुने पशुपन्छी धनको अधिकतम बीमाङ्कको सिमा र उमेर

**अधिकतम बीमाङ्क:-** बैंक वा वित्तीय संस्थाबाट ऋण लिई खरीद गरेको, आफ्नै गोठमा हुर्केको वा आफ्नै लगानीबाट खरीद गरको पशुपन्छी धनहरुको स्थानिय मुल्यको आधारमा बीमाङ्क रकम देहाय बमोजिम हुनेछ :

| | पशुपन्छी | बीमाको दर | |
|---|---|---|---|
| पशु तथा पन्छी | विस्तृतिकरण | उन्नत | स्थानीय |
| गाई | बाच्छी (१ वर्षसममको)<br>बाच्छी (१ वर्षदेखि माथिको | रु.३०,०००/-<br>रु.७५,०००/- | रु.१०,०००/-<br>रु.२५,०००/- |
| | दुधालु | रु.१,५०,०००/- | रु.५०,०००/- |
| भैंसी | पाडी (१८ महिना सममको)<br>पाडी (१८ महिना माथिको | रु.३०,०००/-<br>रु.६०,०००/- | रु.१५,०००/-<br>रु.३०,०००/- |
| | दुधालु | रु.१,२५,०००/- | रु.७०,०००/- |
| राँगो तथा साँढे | प्रजननका लागी<br>दुवानी वा जोत्नका लागी | ७०,०००/-<br>४०,०००/- | |
| भेडा, बाखा तथा बंगुर | मासुका लागी उमेर अनुसार<br>उत्पादनका लागी माउ | ८,०००/-<br>१०,०००/- | |
| कुखुरा वा हाँस | ब्रोइलर आठ हप्ताको मासु उत्पादन गर्ने<br>लेयर्स अण्डा पार्ने<br>ह्याचरी चल्ला पार्ने<br>हाँस अण्डा पार्ने<br>हाँस मासु उतपादन गर्ने | ८,०००/-<br>१०,०००/- | |

उमेर : पशुधनको बीमायोग्य उमेर (न्युनतम र अधिकतम) देहाय बमोजिम हुनेछ :-

- स्थानीय तथा उन्नत जातको गाई २ वर्ष (पहिलो वेत भएको) देखि १० वर्षसम्म
- भैसी ३ वर्ष (पहिलो वेत भएको) देखि १२ वर्षसम्म
- स्थानीय तथा उन्नत नश्लको बाच्छी-कोरेली वा पाडीको ६ महिनादेखि २ वर्षसम्म
- प्रजननको लागि उन्नत नश्लको साँढे वा राँगाको ३ वर्षदेखि ७ वर्षसम्म
- ढुवानी वा जोत्नको लागि गोरु वा राँगा ३ वर्षदेखि १२ वर्षसम्म
- भेडा, बाखा र बंगुर ३ महिनादेखि बिक्रीका लागि तयार हुन्जेलसम्म । पशुपंछीको मुल्य, जात र पालिने क्षेत्र अनुसार फरक फरक हुन सक्नेछ।
- पशुपंछीको मुल्याङ्कन गर्दा प्रस्तावित पशुपंछीको उमेर, स्वास्थ्य स्थिति र उत्पादकत्वको आधारमा गर्नु पर्नेछ।
- बीमा गरिएको बाली तथा पशुपंछीको बीमा अवधिभित्र क्षति भएमा क्षतिको मुल्याङ्कन सम्वन्धित विशेषज्ञ/प्राविधिकबाट गराउनु पर्नेछ

## बीमालेखले रक्षावरण गर्ने जोखिमहरू

अन्न, फलफुल तथा तरकारी बालीहरुको हकमा कुनै कारणबाट धानबाली, तरकारी, फलफुल, आलु, पंक्षी र माछा बीमा अवधिभित्र हानी नोक्सानी भएमा बीमकले बीमाङ्क रकमको ९० प्रतिशत रकम बीमितलाई भुक्तानी गर्नेछ।

(धानबाली, तरकारी, फलफुल, आलु, पंक्षीको हकमा)

(क) आगलागी, चट्याङ्ग,

(ख) भुकम्प,

(ग) बाढी/डुवान /खडेरी,

(घ) पहिरो/भुस्खलन,

(ङ) आँधिबेहरी, असिना, हिउँ वा तुसारो,

(च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,

(छ) किरा तथा रोगबाट हुने हानि-नोक्सानी

(ज) बिषालु पदार्थबाट मरेमा।

पशुधनको हकमा : बीमाको अवधिभित्र पशुधनको विवरण तालिकामा उल्लेख भए बमोजिमका पशु धनहरुको क्षति/हानि नोक्सानी भएमा देहाय बमोजिमको क्षतिपुर्ति रकम बीमकले सम्वन्धित पक्षलाई भुक्तानी गर्नेछ।